# नेपाल र भारतको सांस्कृतिक एकतामा छठपर्व

डा. सुशील कुमार अधिकारी
संस्कृति विभाग
त्रिभुवन विश्वविद्यालय, नेपाल
Email : adhikarisushil24@gmail.com

**लेखसार**

प्रस्तुत लेख नेपाल र भारतको सांस्कृतिक एकतामा छठपर्वको भूमिका तथा त्यसमा अवलम्बन गरिने पद्धतिको विश्लेषणमा केन्द्रित । प्राथमिक र द्वितीयक दुवै स्रोतका सामग्रीको उपयोग गरिएको यो गुणात्मक अनुसन्धान विधिमा आधारित रहेको छ । यस लेखको अवधारणात्मक आधार संस्कृति र संस्कृतिनिष्ठ अध्ययनका लागि अवलम्बन गरिने स्थापित मान्यता हुन् । यस लेखमा छठपर्व र यसको प्राचीनतासँगै विकास भएका मान्यताका आधारमा तिनले नेपाली र भारतीय संस्कृतिमा पारेको प्रभावका साथै तिनको समानता र असमानताका विषयमा विमर्श गरेको छ । यस लेखले प्राचीन सनातन संस्कृतिका रूपमा विकास भएको प्रकृति मानव सम्बन्धलाई उजागर गर्ने छठपर्व नेपाल र भारतीय संस्कृतिमा स्थापित रहेको विषयमा विमर्श गरेको छ ।

*शब्दकुञ्जी* : संस्कृति, सांस्कृतिकता, सूर्य, सूर्यपूजा

## विषयप्रवेश

छठपर्व नेपालको तराईक्षेत्र विशेष गरी प्राचीन मिथिला राज्यको प्रभावक्षेत्रको आसपासमा मुख्य पर्वका रूपमा मनाइने चाड हो भने भारतमा यसको प्रभाव बिहार र उत्तरप्रदेश राज्यका अधिकतर क्षेत्रका साथै सनातन हिन्दू धर्मको प्रभाव रहेका अधिकतर क्षेत्रमा मनाइने गरिन्छ । नेपालमा छठपर्वको प्रभाव समकालीन समयमा मिथिला संस्कृतिलाई अङ्गीकार गर्ने समुदायमा मात्र नभई यसले सबै नेपाली संस्कृतिसम्म बिस्तार पाइसकेको छ । तराईक्षेत्रमा दीपावली पर्वसँगै बिस्तारित रूपमा मनाइने छठपर्व हाल नेपालका अधिकतर सशरीक्षेत्रको साझा स.स्कृति र मुख्य पर्व बनिसकेको छ भने भारतीय संस्कृतिमा पनि यसको बिस्तार प्रमुख आदिबासी संस्कृति भएका स्थानमा भन्दा बाहेकका क्षेत्रका विस्तार भइसकेको तथा हुने क्रममा रहेको छ । नेपाल र भारतमा छठपर्वको सांस्कृतिक महत्त्व र यसको प्रभाव समान आस्था, विश्वास र परम्परामा आधारित छ भने यसका नियम, विनियम र सांस्कृतिक अनुष्ठानलाई व्यवहारसिद्ध गर्नका लागि समान पद्धति प्रयोगमा रहेका छन् ।

छठपर्व प्राचीन सनातन संस्कृतिको अङ्गका रूपमा नेपाल र भारतीय संस्कृतिमा स्थापित रहेको विषय यसका सम्बन्धमा भएका पूर्वअध्ययनले प्रस्तुत गरेका अवधारणाबाट बोध हुन्छ । छठपर्वको प्राचीनता यसमा उपासना गरिने सूर्यवन्दना र त्यससँग सम्बन्धित विधानको अध्ययनबाट स्पष्ट हुन्छ । सूर्यलाई आदिदेवका रूपमा स्वीकार गर्ने सौरमण्डली सम्प्रदायको अस्तित्व प्राचीन आर्यसमाजमा भएको विषयका आधारमा सूर्यलाई नै अदिदेवका रूपमा पूजा र आरधना गर्ने विषय पनि पौराणिक युगबाट आरम्भ भएको देखिन्छ । वैदिक, पौराणिक र लौकिक साहित्यमा सूर्यउपासनाको प्राकृतिक पद्धतिका विषयमा विमर्श भए पनि छठपर्व मूलतः प्राकृतिक पद्धतिमा सम्पन्न गरिने अनुष्ठान हो । यस पर्वका विषयमा अन्य सनातन संस्कारको जस्तो ठोस विधिविधानको

निर्माण भएको छैन भने यो पुस्तान्तरण भई सदियौं वर्षबाट हालसम्म विकसित, विस्तारित र सञ्चालन भइरहेको संस्कृति बनेको छ । नेपाल र भारतमा मनाइने छठपर्वका सांस्कृतिक र अनुष्ठानगत समानताका कारण यी एक सांस्कृतिक समाजको निर्माण गर्ने संस्कृतिको रूपमा रहेको छ । यस लेखमा छठपर्वका विषयमा नेपाल र भारतमा मनाइने पद्धतिको समीक्षा गरिएको विषयको विवेचना तलका उपशीर्षकहरूमा गरिएको छ ।

## शोधविधि

प्रस्तुत लेख गुणात्मक अनुसन्धानमा आधारित छ । यस लेखमा प्रथमिक र द्वितीयक दुबै स्रोतका सामग्रीको उपयोग भएको छ । यस लेखको प्राथमिक सामग्रीका रूपमा छठपर्वलाई मुख्य संस्कृतिका रूपमा मनाउने मैजिली संस्कृतिसँग सम्बन्धित नारी र पुरुषसँग गरिएको कुराकानी हो । यस क्रममा यस पूजामा नियमित व्रत गर्ने पाँचजना नेपाली र भारतीय नारीका साथै पाँचजना पुरुष र यस संस्कृतिका जानकारसँग अन्तर्वार्ता लिइएको छ । यस लेखको द्वितीयक स्रोतको सामग्रीका रूपमा छठपर्वको ऐतिहासिक पक्षसँग सम्बन्धित विभिन्न छापामाध्यममा प्रकाशित सामग्रीको उपयोग गरिएको छ ।

## नतिजा र विमर्श

छठपर्व सांस्कृतिक रूपमा प्रकृतिको उपासना र त्यसबाट प्राप्त शक्तिका आधारमा मानवीय जीवन सञ्चालित छ भन्ने विश्वासका आधारमा मनाइने मिथला संस्कृतिको महत्त्वपूर्ण पर्व हो । यस पर्वमा प्रकृतिका देवताका रूपमा सूर्यको आराधना, उपसना, व्रत तथा पूजा हुने गर्दछ । मिथिला संस्कृतिका नारीले आफ्नो परिवारको उन्नयनका साथै सबै जनमा सुख र समृद्धि प्राप्त होस् भन्ने कामनाको पूर्ति हुने विश्वास गर्दछन् । छठपर्वमा प्रथम पूजा सूर्यको हुन्छ भने सूर्यका पत्नीका रूपमा उषा र सन्ध्याको पूजा गरी मानव जीवन प्रातः कालजस्तो सुन्दर तथा सन्ध्याको आगमनबाट प्राप्त हुने मानवीय चेतनाकै तुलनीय सजग बनोस् भन्ने सांस्कृतिक अन्तर्य रहेको यस पर्वलाई नेपाल र भारतमा मिथिला संस्कृतिका रूपमा मनाइन्छ । नेपाल र भारतीय दुवै भूगोलमा समान सांस्कृतिक विधानसहित मनाइने यस पर्वको महत्त्व तथा यसलाई मनाउने सांस्कृतिक विधान समान रहेको छ । मूलभूत रूपमा छठपर्व नेपाल र भारतको सांस्कृतिक एकता र सद्भावका अतिरित्त, सांस्कृतिक आदानप्रदानको माध्यम रहेको तथ्यको पुष्टि यस पर्वलाई मनाउनका लागि उपासना गरिने सूर्यपूजाको परम्परा, यसको स्वरूप र यसमा अवलम्बन गरिने पूजाविधिको समानता हो । यस विषयमा तलका उपशीर्षकमा अलगअलग विवेचना भएको छ ।

### छठपर्वमा सूर्यपूजाको परम्परा

हिन्दू समाजमा “सूर्य” उपासना ऋग्वैदिक कालदेखि हुँदै आइरहेको छ । ऋग्वेदमा सूर्यलाई “सविता” पनि भनिएको छ । वैदिक देवताहरूको स्थानमा सूर्य प्रमुख स्थान रहेको थियो । पछिल्लो कालमा आएर सूर्यको तुलनामा शिव, विष्णु र शक्ति सम्प्रदायको तत्त्व बठेर गयो । विभिन्न समयमा निर्मित अभिलेखहरूमा सूर्यलाई ‘इन्द्रदित्य’, ‘लोलार्क’, ‘भास्कर’, आदित्य, वरूणस्वामी, मार्तण्ड आदि नामहरूले पनि सम्बोधन गरिएको छ । सौर्य उपासकहरू निधारमा रातो चन्दनको सूर्य आकृतियुक्त टीका लगाउने र रातो फूलको माला लगाउने गर्छन् । दिनको दुईपटक प्राप्तः र सन्ध्यामा सूर्यको पूजा गर्दछन् । सूर्य उपासकहरू आइतबार व्रत बस्ने गर्दछन् (मिश्र, सन् २००१, पृ. ७५५–५६) । सांस्कृतिक दृष्टिले सूर्यलाई आराध्यका रूपमा स्वीकार गर्ने संस्कृतिमा यो संस्कार जीवन्त रहेको छ ।

सूर्यको अनुष्ठान स्मृति पूजाउपासना गरिने धार्मिक मतलाई "सौर" सम्प्रदाय भनिन्छ। ऋग्वेदमा सूर्यलाई पाप–नाशक भनिएको छ, र त्यही अर्थमा उनको उपासना पनि गरिन्थ्यो। सूर्यले तिमीलाई चिदै उषाको लगतै पछि पृथ्वीमा प्रकाश छर्ने भएकाले कल्पनाशील वैदिक कवि–दार्शनिकले देखाएको छ । यसरी सूर्य पूर्वनै वैदिककालदेखि नै पुज्य देवताको रूपमा रहेको छन् । सूर्यको पूजा–उपासना यस महाद्वीप वा वैदिक हिन्दु सभ्यतामा मात्र होइन विश्वब्यापी रूपमा पनि पाइन्छ। प्राचीन स्मृय तथा दक्षिण अमेरिकामा एस्टेक (Aztec) तथा यिनका सभ्यतामा पनि सूर्यको अपासना हुन्थ्यो। प्राचीन इरान–मिश्र आदि निकटपूर्वक भूमध्य सागरीय क्षेत्रका प्राचीन सभ्यतामा पनि सूर्यको उपासना व्यापक रूपमा हुन्थ्यो । अमेरिकाको रक्तवर्ण आदिवासीहरू (Red Indian) को समाजमा सूर्यको उपसना प्रवल रूपमा रहेको थियो। केही आदिवासी समुदायमा सूर्यका नृत्य (sun dance) प्रसिद्ध थियो।

सूर्यको यस्तो लोकप्रियताको कारण खोज्ने कठिन छैन। सूर्य वास्तवमा हामी मानव जाति र अन्य जीव बस्ने पृथ्वीसहितको तारामण्डल भित्रको एउटा समूह हो। सौर्यमण्डल (solar system) सूर्य त्यसैकै मुख्य शक्ति हुन्। सूर्यबाट प्रभावित ताप, प्रकाश, चुम्बक,आदि जीवनको लागि तिनको लागि आवश्यक छ। अतः आदि मानवले सूर्यको महत्त्व जान्यो र आत्मायात पनि गऱ्यो। फलतः सबै प्राचीन सभ्यतामा सूर्यको स्थान विशेष दैवी महत्त्वको हुन गयो। सूर्यले आफ्नो शक्तिले ब्रहण्डको वाध्य वातावरणलाई मात्र प्रभावित गरेको होइन। उनले मानवजीवन र जगतलाई आन्तरिक रूपले पनि प्रभाव पार्छन। हाम्रो ज्योतिषशास्त्रमा सूर्यको प्रभाव कम हुन गएमा मानिस कमजोर हुन्छ भन्ने चर्चा छ।

सूर्यको प्रभाावलाई बुझ्नेहरूले उनको उपमानको विशेष पद्धति बताए पनि क्रमशः उनको पूजाको सम्प्रदाय बनेको वा सार–सम्प्रदायले जन्म लिएको प्रतीत हुन्छ। वैदिक साहित्यमा धेरै मन्त्रहरू सूर्यलाई विविध प्रकारले पूजा आराधना गर्दछन्। सुर्योदय हुनुपूर्वक नै स्नानादि कार्य गरिसक्नु उत्तम मानिएको छ। सूर्यको प्रथम किरणले शरीर र सम्पूर्णजगतलाई क्लेशमुक्त पार्दछ। अतएवः सूर्य क्षितिजबाट निस्कँदा–निस्कँदै उनको नाममा मन्त्रपाठ गरिसक्नुपर्ने विधान रहेको छ।

सौर सम्प्रदायका अनुयायीहरू सूर्यको उपसनाले बल, वीर्य, तेज, आरोग्य, प्राप्त हुन्छ भन्ने विश्वास गर्दछन् । जन्म र बृद्धि संस्कारमा पनि सुर्योपासना र पूजाको महत्त्व छ। न्वाराना, अन्न प्रशान र उपनयनजस्ता संस्कार कर्ममा शिशुलाई सूर्यदर्शन गराइन्छन् । रजस्वाला र यसपूर्व हुने युवतीहरूका बृद्धि संस्कारमा उनीहरूलाई सूर्यदर्शनबाट पहिले निश्चित अवधीसम्म अलग राखिन्छ र शुद्ध हुने दिन सूर्यदर्शन गराइन्छ। व्यक्तिले शरीरिक अपवित्रताले सूर्यलाई असर गर्दछ भन्ने धरणले वा पापको डरले यसो गरिएको हो। सूर्यलाई नमस्कार गर्ने १२ विशेष मन्त्र र मुद्रहरू छन्। प्रत्येक मुद्राले सूर्यलाई "परब्रह्म" मान्दछ (भण्डारकर, सन् १९६५, पृ. १५२)। सूर्यबाटैहरूको सबै चराचर जगतको सृष्टि भयो। उनीबाटै सबैको पालना पार्न हुन्छ भन्नै सौर सम्प्रदायीहरूको धाराण रहेको छ। श्रति र स्मृति साहित्यमा नै सौर सम्प्रदायको जगबलियो भएको पाइन्छ भने यसको थालनी पूर्ववैदिक सभ्यताकालमा भारतीय उपमहाद्वीपमा र पहिले नै विश्वका अन्य प्रचीन सभ्यतामा(हाल इरान) मा पनि सूर्य वा "मिहिर" को पूजा गरिन्थ्यो पछि यो पराम्परा पारसीहरूले भारतमा पनि ल्याए। मिहिरलाई "मिश्र" को अपभ्रंश रूप मानिन्छ, जसको अर्थ सूर्य नै हो। यसरी इरान–मुल्तान क्षेत्रमा सौरमत प्राचीनकालमै भएको मानिन्छ । यस मतको प्रभाव भारतवर्षमा छैटौ–सातौ शतब्दीसम्म पनि रह्यो।

नेपालमा पनि प्राचीनकाल देखि नै सूर्यको पूजा–उपासना प्रचलित रह्यो । पछिल्लो लिच्छविकाल(आठौ–नवौ शताब्दी) र पूर्व मध्यकालतिर बनेका काष्ठ तथा धातुका सूर्यमूर्तिहरूले यस

सम्प्रदायको विकासको चित्र प्रस्तुत गर्दछन् । सूर्यको मूर्ति कतै नवग्रहका साथमा र कतै प्रथम पनि छन् । सूर्यलाई प्रायः आफ्ना वाहन सात, सारथी अरूण र दुई अर्घाङ्गिनीसित (दण्ड–पिङ्गल) चित्रित गरिएको पाइन्छ । प्रसिद्ध मल्ल राजा जयस्थिति मल्ल र उनका वंशज सूर्यका उपासक थिए र "आदित्य" भन्ने उपनाम राख्दथे । जयस्थिति मल्लका पालामा बनेको पाटनको कुम्भेश्वर मन्दिरको पश्चिम प्रवेशद्वारमा सूर्य र सप्राशवको, काष्ठ कालिगढी छ । काठमाडौं उपत्यकाको तीनबटै शहरमा सूर्यमूर्ति छन् । जसले यहाँ सौर्य उपासानाको परम्परा लोक प्रिय छ । नेवारका घरहरूमा प्रवेशद्वारको ठीक सामुन्ने भुइमा एक प्रस्तरमा गोलो सूर्यको प्रतीक चक्का (Dise) कुँदिएको हुन्छ। कमल फुलको बीचको गोलो भागलाई भागलाई सूर्य मानी पूर्व दिशामुख भइ बिहान सूर्यलाई अर्ध दिने, प्रमाण गर्ने, पूजा गर्ने प्रचलन अहिले पनि कायम छ । डा. जगदीशचन्द्र रेग्मी कर्माचार्य थरका नेवारहरू सूर्यपूजाका विशेषज्ञ हुन सक्ने कुरा उल्लेख गर्दछ (रेग्मी, २०३४, पृ. २०१) । सूर्यपूजाको महत्त्व वैदिक कालभन्दा अगाडि प्रागैतिहासिक मानवको सांस्कृतिक उद्‌भवदेखि कुनै न कुनै रूपमा विद्यमान रहेको कुरा स्वीकार गर्नसकिन्छ ।

नेपाल र भारतमा मनाइने छठपर्व प्राचीन र मोलिक संस्कृति रहेको वषयमा पश्चिमा अध्येताले पिन चासो राली अध्ययन गरेका छन् । नवपाषाणकालीन प्रस्तरका गोलाकार मण्डल (stone henge) लगाई सूर्यपूजाको प्रतीक हो (डेभिड, सन् १९६८, पृ. १२) । सूर्यपूजाको परम्परा वैदिककालमा पनि प्रशस्त रहेको देखिन्छ । तर वेदमा उदीयमान सूर्यलाई उषाको प्रतिक मानेर प्रार्थना गरिएको र उषालाई सूर्यको पत्नीको रूपमा स्वीकार गरिएको वैदिक ऋषिले सूर्यलाई ठूलो महत्त्व दिएको स्पष्ट छ । ऋग्वेद उषाको प्रशेसा गर्दै वैदिक ऋषि भन्दछन् । उषो रूचे युवतिर्न योषा विश्वंजीव प्रसुत्वती चरायै । अुदागीः समिधे मानुषाणाम्क ज्योतिर्वाध माना तमासि ॥ जसरी प्रभातको बेला(उषाले) पतिवत् सूर्यको समीप स्त्रीवत् शोभित हुन्छिन् । उनले समस्त जीव संसारलाई निद्राबाट उठेर विचरण गर्न प्रेरित गर्छिन । (ऋग्वेद ५/७७) वेदका मन्त्रहरूमा सूर्य कुनै बेला आकाशमा विचरण गर्ने पक्षीको रूपमा पनि कल्पना गरिएको छ, जसले अन्धकारलाई हटाउने साथसाथै सम्पूर्ण जगतलाई कष्टबाट मुक्त गर्दछैन् । साथै सवितालाई सूर्यको प्रतीकको रूपमा पनि स्वीकार गरिएको छ । वेदमा सूर्यको महिमा उच्च रहेकाले बिहानीको उषालाई उनको पत्नीको रूपमा स्वीकार गरी सबितालाई पनी सूर्यकै सहायक मान्दै बिभिन्न प्राथनाहरू गरिएको पाइन्छ । वेदपछिका ब्राम्हण ग्रन्थहरूमा पनी सूर्यको महत्ता अझ व्यापक भएर देखाप¥यो । कौषतको ब्राम्हणमा भनिएको छ की बिहान दिउसो र साँझपख सूर्यलाई आरधना गरी चन्दन साथ जल चढाउदा सम्पूर्ण पापबाट मुक्ति पाउन सकिन्छ (कौषतकी ब्राम्हण २ र ७ र ५) । यस्तै आपस्तम्ब गृहयसूत्रमा उपनयन संस्कारको बेलामा बालकलाई यज्ञोपवित धारण गराँउदा ऋषि भन्दछ "देव सवितारेष ते ब्रम्हाचारी त गोपाय समामृत" अर्थात हे सविता यो तिम्रो ब्रम्ह्चारी हो, यसको, रक्षा गर, यो मर्न नपाओस् (आपस्तम्ब गृहयसूत्र १।२०।०६)

महाभारतकालमा पनि सूर्यपूजाको महत्त्व अझ विस्तृत भएर देखापर्दछ । पूजाहरू मध्ये भविष्यपुराणमा सूर्यपूजाको नयाँ परम्पराको बारेमा थाहा हुन आउछ । भविष्यपुराणको १३९ अध्यायअनुसार एकपटक कृष्णको छोरा सम्बलाई कुष्ठ रोग लागेछ । यस पापबाट मुक्ति पाउनका लागि उनले चन्द्रभागा नदीमने मिनारमा एउटा सूर्य मन्दिर बनाए, तर त्यहाँको पुजारी हुन कसैले नमानेको हुनाले उग्रसेनको पूजारी गौरमुखलाई सोधनी गर्दा सो पूजाको अभिभारा मगहरूलाई दिनुपर्छ भनी उनले जवाफ दिएका थिए (भविष्यपूराण, २०१५, पृ. २०८) । यसैबेला देखि सूर्यको मूर्ति पनि उदीच्य भेषमा बनाउन थालियो । यस पछि मगहरू (इरानी) को ढाँचाअनुरूप बुट र कवचधामी सूर्यमूर्तिको प्रचलन भारत र नेपालमा फैलिएको थियो । सूर्यमूर्तिहरूको बनाबटको बारेमा विभिन्न् ग्रन्थहरूले आआफ्नै प्रकारले ब्याऋया गरेका छन् । शिल्परत्नले सूर्यको शरीरमा शैनिक पोशाक र हातमा कमल लिएको स्वरूप हुनुपर्दछ । सूर्यको दाहिने निक्क्षुभा र देब्रे राज्ञी हुनुपर्दछ । साथै यसअनुसार सूर्यको दुबैतिर यम (दण्ड) र पिंगल मानिसको रूपमा अङ्कित गरिएको हुन्छ । तर अंशुमधवेदागम र सुप्रवेदागमको अनुसार सूर्य

रथमा बसेको रूपमा अङ्कित गरिन्छन् । यी ग्रन्थहरूका अनुसार सूर्यको दाहिनेतिर उषा र देब्रेतिर प्रत्यूषा उभिएकी हुन्छिन् । तर मत्स्यपुराणमा भने सूर्यको मूर्तिमा चारवटा हात हुनुपर्ने पनि उल्लेख गरिएको छ ।

भारतमा सूर्यमूर्तिहरू मुख्य दुई परम्पराबाट प्रभावित भएका पाइन्छन् । यिनमा एउटा दक्षिण भारतीय परम्पराका र अर्को उत्तर भारतीय परम्परा अनुरूपका मूर्तिहरू रहेका, दुबै हातमा अर्धविकसित कमलको फूल रहेको पाइन्छ भने उत्तर भारतीय परम्परा अनुरूप बनेका मूर्तिहरूको हातमा विकसित कमलको फूल रहेको, खुट्टामा घुँडासम्म बुट रहेको र शरीर पनि कोट (ट्यूनिक) ले छापेको हुन्छ । यसको अतिरिक्त सातवटा घोडाले तानेको रथमा बसेको रूपमा पनि सूर्यलाई प्रस्तुत गर्ने गरिन्छ । यस प्रकारको विशेषता उत्तरीतथा दक्षिणी भारतको साझा विशेषताको रूपमा रहेको छ (राव, सन् १९९३, पृ. ३१२) ।

नेपालमा प्राप्त सूर्यमूर्तिमा दक्षिण तथा उत्तर भारतीय दुबै शैलीको प्रभाव परेको पाइन्छ । अभिएका सूर्यमूर्तिमा इरानी प्रभावका बुट र ट्युनिकसहितका मूर्तिहरूको साथसाथै खाली खुट्टा पादस्थानमाथि राखेका र धोती लगाएका सूर्यमूर्तिहरू पनि प्राप्त भएका छन् । यसको अतिरिक्त सात अश्वले तानेको रथमाथि बिराजमान् सूर्यको मूर्ति पनि यहाँ प्रसिद्ध रहेको छ । तिथिमिति सहितको सबै भन्दा पुरानो सूर्यमूर्ति ने.स.१८५ (वि.स.११२१) पाटन थापाहिटी सूर्यमूर्ति हो । यस्तै ने.स.२०३(वि.स.११६९)को पाटन सौगल टोलको सूर्यमूर्ति पनि महत्त्वपूर्ण छ ।यी दुबै सूर्य मूर्तिहरूमा सूर्य खाली खुदा पादस्थानमाथि उभिएका छने । बुट लगाएको सूर्यमूर्तिमा पशुपति मन्दिरको दक्षिण पछि रहेको सूर्यमूर्ति हो । कुट र ट्युनिक लगाएको यो सूर्य मूर्तिलाई विद्वानहरूले पहिलो शताब्दी इशातिरको मानेको छन् (शर्मा, २०५८, पृ. ५४–५६) ।

**नेपाल र भारतमा छठपर्वको स्वरूप**

वैदिक धर्मका अनेकौ देवी देवताहरू पुज्ने परम्परा अनुसार नेवार समुदायमा नवग्रह पुजिने परम्परा रहि आएको छ । समाजमा मान्छेको हितमा ग्रहहरूको गतिले प्रभाव पार्दै लैजाने मान्यता रहि आएको हुँदा ग्रहहरूलाई देवात् रूपमा पुजिने प्रचलन छ । यो परम्परा अधिकांश समाजमा रहेकोदेखिन्छ । ग्रहहश्र भन्नाले खासगरी नवग्रअलाई बुझाउछ । नवग्रहको वर्ण, स्वरूप, वाहन आदि फरक फरक हुन्छन् । त्यस सम्बन्धमा “रूपमण्डन” ग्रन्थमा निम्नानुसार वर्णन गरिएको पाइन्छ

सूर्यः सबै लक्षणयुक्त, आभुषणले विभूषित, दुईभुजा सेतो कमलयुक्त, एकमुख, हात्ती-घोडाको रथमा विराजमान,
सोमः सेतो रंग, हातमा कमल, दश घोडाको रथमा आरोहण गरेको ।
मंगलः रातो रंग, हातमा दण्ड र कमण्डलु, मेषमा आसीन ।
बुधः पहेलो, रंग, सर्प आसन भएको ।
बृहस्पतिः पहेलो रंग , हाँसमाथि आरूढ ।
शुक्रः खेत रंग मेठकमाथि आसिन ।
शनिः कृष्ण रंग, कण्डलको मध्यभागमा आसिन ।
केतुः धुम्रवर्ण सर्पको पुच्छर जस्तै आकार भएको, अञ्जलिमुद्रा । (श्रीवास्तव, सन् १९९६, पृ. १२४–१२७) ।

उल्लेखित सबै ग्रहहरूको शिरमा किरिट मुकुत तथा रत्न कुण्डलले सुशोभित हुने विधानमा उल्लेख छ ।

वैदिक समयदेखि नै मानिसहरूमा ग्रहबारे ज्ञान भइसकेको थियो। वेदमा सूर्य लगायत अन्य ग्रहहरू स्तुति गरिएको छ । वैदिक ग्रन्थहरूका अतिरिक्त महाभरत, रामायण, कार्मण्डेयुपराण, विष्णपुराण, भविष्यपुराण, ब्रम्ह्पुराण, अग्निपुराण, गरूण पुराण सौर संहित  तथा साम्ब, उपपुराण आदि सबैमा सूर्य सम्बन्धीमा वर्णन गरिएको पाइन्छ। त्यस बाहेक अभिलेख एवम हस्तलिखित ग्रन्थहरूमा पनि ग्रहहरूको वर्णन गरिएको छ ( जोशी, २०७६:३०९–३१०) । नेपाल उपत्यकामा सूर्यपूजाको प्रचलन वा सूर्यदेवताको पूजा उपासनाको परम्परा प्राचीनका देखि नै भइएको थियो। टेबहालको मानदेवको पालाको गृहमित्र (शाक्य सम्बत् ४०२) को अभिलेखमा सार्थवाह गृहमित्रले सूर्य स्थापना गरी अभिलेख राखेका थिए। (बज्राचार्य, २०५३, पृ. ५९)। त्यस्तै ते.स. १८५ को प्रधुम्नकामदेवको, पालनाको ललितपुर थापाहिटी र सौगलटोलको सूर्यमूर्ति तथा ते.स.२०३ को सूर्यमूर्ति र ते.स.२७९ को नक्सालको सूर्यमूर्तिले तत्कालीन समाजमा सूर्यको विशेष पूजा उपासनाको परम्परा र सौर सम्प्रदायको लोकप्रियता विद्यमान रहेको स्पष्ट हुन्छ (रेग्मी, २०३९, पृ. १७०–१७१)। सूर्य पूजा वा अमरधनाको परम्परामा सौर सम्प्रदाय विशेष बाहेक पनि नेपालको लगभग सम्पूर्ण तराई क्षेत्र र भारतका उत्तर पूर्वी (मिथिला, भोजपुरी) का वासिन्दहरूले “छठ”वा“छठी” का नामले सूर्यको विशेष उपसना गर्ने गर्दछन् यस्तो पूजा वा आराधनालाई यस क्षेत्रका बासिन्दाले निकै कठिन व्रत, उपहार र महत्त्वका साथ सम्पन्न गर्ने गर्छन । विशेष रीतपूर्वक र सावधानी साथ मनाइने यस पर्वको अन्तर्यमा कुनै भएको वा पूरा भएकको अवस्था रहने युगले यसको उपासना विधिमा विशेष सावधानी अपनाइन्छ । यस क्षेत्रमा यो पर्वले बृहत् आकार लिदै गइरहेको छ (श्रेष्ठ, २०७७, पृ. १४९–१५१) । मानव सभ्यताको विकासको क्रममा प्राकृतिक शक्तिलाई स्तुति गर्ने परम्परा आरम्भदेखि नै देखिएको वा प्रारम्भ भएको भएता पनि सूर्य आराधनाको “छैठ” स्वरूप नेपालको दक्षिणी भेगका सबै वासिन्दा र भारतको मैथिलि, भोजपुरी समुदायको विशेष श्रद्दायुक्त आस्थाभावको केन्द्रमा रहेको समानताले नेपाली र भारतीय जनजाती सिमानाको पारिधि भन्दा भावानात्मकताको एकतामा आबद्ध गरिदिएकाएको छ । भौगोलिक सिमाना निर्धारण हुनु भन्दा पहिले वा वैदिकाले एकै  प्रकारको आस्था, विश्वास र परम्परामा आबद्ध यस क्षेत्रका वासिनदाले सूर्यको अस्तित्त्वलाई अंगीकार गरी छठ पूजाको माध्यमद्वारा अभिव्यक्त साझा भावनाले राजनैतिक र भौगोलिक छेकवारलाई अस्तित्त्वविहित बनाइदिएको छ। वास्तवमा आस्था, विश्वास र परम्पराको शसक्त र सामुहिक अभिव्यक्ति सीमाविहिन हुनेगर्दछ।

सूर्यलाई छठको रूपमा उपासना गर्ने नेपाल र भरतका ती क्षेत्रमा सूर्य मन्दिर भने छैनन्। सूर्यको अस्तित्त्व प्रकट रूपमा अनुभव र अुभुत गर्न पाइएकोले पनि होला मन्दिर वा मूर्तिको आवश्यकता बोध नभएको। अन्य हिन्दुदेवीहरूको अत्तित्व प्रकट रूपमा वा अनुभव, अनुभुतिको रूपमा नहुने कल्पनालाई सामाररूपदिन मन्दिर र मूर्तिको कल्पना गरिएको हुनसक्दछ। जितेन्द्र झाः वर्ष ६२ (सहप्राध्यापक भारतीय करार) का अनुसार छठ पर्व हाम्रालागि अनिवार्य र अति आवश्वीय सांस्कृतिक कृत्यको रूपमा रहेकाले यसको महत्त्व हाम्रा जीवनमा अत्यन्त सधन रूपमा रहको छ। उज्यालो र तापको संवाहक सूर्य उपासनाको आवश्यकता जीवनको प्रारम्भ देखि नै सबै प्राणीमा आवश्यक रहेको हुँदा परापूर्वक काल देखि नै पूर्खा यसको आराधना विशेष रितिपर्वक गर्दै आइरहेको छन् ।

छठ पूजा सबै हिन्दु धर्मावलवी विशेष गरेर नेपालको तराईवासी र भारतको मैथिल, भोजपुरी भाषीहरूले अनिवार्यजस्तै मनाउने गरेको भएता पनि कसै–कसैलाई अमङ्गल आदि भएका कारण उनीहरूले परिवारले “छठ” नमनाउने गरेको पनि पाइएकाो छ। उपप्रध्यापक रम्भा झा (४५, विराटनगर–१२) का अनुसार कुनै विशेष कारणवश अमङ्गल भएको कारण आफ्नो माइती र घर दुबैतिर छठ पर्व मनाउने चलन नरहको बताउँछिन्। प्रायः यस विशेष दिन आफ्नो प्रिय परिजनको दुर्घना मृत्यु वा अप्रिय सटनाका कारण उक्त परिवारले छठठ पर्व नमाउने

गरेको पाइएको छ । यस्ता अपवाद बाहेक प्रायले छठ पर्व मनाउने गर्दछन् । ममता दुबे, ५९ (भारतीय नागरिक) का अनुसार आफूले कवोल (वाचा/भाकल) पूरा भएपछि वर्षको छठपर्वमा व्रत (उपवास) बसी विशेष विधि पूर्वक मनाउने अधिल्ला पुस्तादेखि नै चल्दै आइरहेको परम्परा हो । सरोज कर्ण,(वर्ष ६५, नियमित व्रतालु) विगत ४७ वर्षदेखि छठको व्रत बस्दै आएकी आफूलगायत अरू छिमेकी र आफन्तको तर्फबाट समेत व्रत बस्दै आइरहेकी छन् । पूजा सामाग्री र फलफूल, नैवेध्य लगायतका अरूबाट उपलब्ध सामाग्रीहरू सहित विगत धेरै वर्षदेखि यसरी नै छठ मनाउने गरेको उनी बताउँछिन भारतको बिहार माइती र विवाह गरेर नेपाल आएकी उनी यो छठपर्वको साझा अभ्यपनले नेपाल भारतबीचको भौगोलिक र राजनीतिक विभाजनलाई गौण बनाएको बताउँद छिन् भन्दछिन भौगोलिक र राजनीतिक विभाजनले सांस्कृतिक एकता र सांस्कृतिको मूल आधारलाई प्रभावित पार्न सक्दो रहनेछ, आफू जहाँ भएपनि छठ पर्वको समयवधि भरि आफ्नो जन्म भूमि र कर्म भूमिमा कुनै अन्तरको आभास कहिल्यै हुन पाएन ।

छठपर्व मानवीय स्वास्थ र तिनको निराकरणसँग सम्बन्धित मुख्य संस्कृति रहेको छ । मेनका देवी (वर्ष ५४, साधारण गृहिणी) का अनुसार केटाकेटी उमेरमा शरीरमा बेलाबेलामा अत्मधिक चिलाउने र फोका जाती आउने समस्य आउथ्यो, तर अग्रजको अनुसार छठको व्रत लिन थालेपछि सो समस्या समाधन भएर गयो । नेपालको दक्षिणी क्षेत्रका वासिन्दा र भारतको उत्तरपूर्वी क्षेत्र खासगरी मैथिली र भोजपुरी भाषी क्षेत्रमा मनाउने“छठ पर्व” नेपालको सन्दर्भमा आजकाल राष्ट्रि पर्व कै रूपमा लोकप्रिय हुदै गइरहेको छ । छठपर्वमा सूर्य देव र छठीमाई (षष्टीमाता/छठकी देवी) को पूजा गरिन्छ । यो पर्व सामान्यतय चैत शुक्त षष्टी र कार्तिक शुलषष्ठी/तिथिमा वर्षको दुईपल्ट पर्ने भए पनि कार्तिक शुक्लषष्ठीको तिथिमा धुमधामका साथ मनाउने गरिएको छ । प्रतिहार षष्टी, छैठ, सूर्यषष्ठी, डालाछठ पनि भनिन्छ (शर्मा, २०७१, पृ. १३१) । संस्कृतको षष्ठीबाटै अपभ्रंश भएर “छठ” भएको मानिन्छ । ’

छठपर्वको विधि विधान र यसको पूजा विधन क्षेत्रका वासिन्दाले मनाउने अन्य पर्व, बत्र वा चालका तुलनामा अलिक कजनै मानिएको छ । यसको पूजा विधि कुनै पूरोहित पण्डितको सहभागिता रहँदैन । छठ पूजामा घरको जेष्ठ सदस्य नै यसको अगुवा हुने गर्दछ । छठ पर्व अवसरमा यसको छटा र पूजासामाग्रीको जोहो र ब्यवस्थापन अत्यन्त चित्तावर्षक हुने गर्दछ । यो पर्वमा व्रत बस्न महिला वा पुरूष जो बसे पनि हुन्छ । तर पनि विशेषगरेर महिला नै यसमा क्रतालुको रूपमा रहने गरेका छन् । महिलाहरू विशेष श्रृगार, बस्त्र आदिको संयोजनले सुन्दर, झलमल्ल र आकर्षण पहिरनले सुसाजित भएर यो पर्वमा सहभागी हुने गर्दछन् । सामाजिक तथा धार्मिक विशेषताले परिपूर्ण यस चाउलाई यस क्षेत्रका बासिन्दाहरूले सामाजिक सद्भाव, जातीय मेल तथा धार्मिक विश्वासको अभिबृद्धि गराउने चाउको रूपमा लिएका छन् । यस्तो जातीय समन्वय धार्मिक निष्ठा र प्राचीन गौरबको रूपमा रहेको छ्ठ पर्वले नेपालको सहिष्णु धार्मिक संस्कृतिको जगेर्ना गरिरहेको कुरालाई नकार्न सकिदैन (सापकोटा, २०६०, पृ. ७५) । छठपर्व उल्लेख गरिएको पुरातात्वि स्रोतको अभाव भएपनि साहित्यिक सामाग्रीहरूमा यसको उत्पत्ति बारे केही न केही उल्लेख गरिएको पाइएको छ । यस पर्वमा सूर्यको आराधना र पूजा अर्चनाको विशिष्ट महत्त्व रहेको छ ।

**नेपाल र भारतमा छठ पर्वको विधिविधान**

सूर्यको आब्हान गर्ने, आराधना गर्ने, व्रत बस्ने र विशेष विधि विधान पूर्वक सूर्य उपसनाको एक विशेष परम्परालाई “छठ” भनिएको छ । यसलाई चारादिनसम्म विधि विधानपूर्वक मनाइन्छ, यसका मूलभूत विधिविधान यसप्रकार छन् ।

**आखा चौथी(अरवाइन)**

कार्तिक महिनामा मनाइने छठको प्रथम दिन कार्तिक शूक्ल चौथी तिथिमा हातखुट्टाका नङ काटेर स्नान गरी त्यसदनि चोखो, शशुद्ध खाना खाने गरिन्छ । वैदिक सनातनी परम्परामा अधिकांश ठूला बत्र, देवकार्या पितकार्यमा जस्तै अघिल्लो दिनमा नै माछामासु, लसुन–प्याज, कोदो, फापर, मुसुरो, गोलभेडा आदि जस्ता खाद्य सामाग्री त्याग्ने प्रचलन जस्तै छठपर्वको शुरू दिन अर्थात् अरवाइन कै दिनदेखि यस्ता सामाग्रीहरूको त्याग गर्ने गरिन्छ ।

**खरना**

चौथी भोलिपल्ट पञ्चमी तिथिमा खाइने परिकारलाई खरना भन्ने गरिएको छ । यस दिन घरघरमा छठका व्रतालुहरूले खीर पकाउन विशेष गरी चामल, दुध, सख्खर, चिनी, किसमिस, नरिवल, काजुको ब्यवस्था गरी खीरमा हालेर पकाइन्छ । दिनभरि उपवास बसने व्रतालुले युसरी पकाइएको खीर साझमा प्रसाद कै रूपमा ग्रहण गर्ने गर्दछन् । जसले व्रत लिएको उसले दिनभरी केही नखाई साँझमा चन्द्र दर्शनपछि “खीर” मात्र खाने गरिएको छ । जसलाई खरना भनिन्छ ।

**सन्ध्या अर्ध**

पञ्चमी तिथिको भोलिपल्ट षष्ठी तिथि छठपर्वको महत्त्वपूर्ण दिन हो । यस निल व्रतालु र परिवारका सबै सदस्यहरूले सहभागी तामा पहिल्यै नै सजइएको पानी कुण्ड, तलाउ, पोखरी, नदी, आदिमा सम्पूर्ण पूजासामाग्री सहित उपस्थित भएर अस्ताउँदो सूर्यलाई “अर्ध” दिइने  कार्य गरिन्छ । यस दिन सामेल हुने सबैले स्नान गरेर चोखो सफा वस्त्र लगाई पूजा–आरधना कार्यमा अर्थात अर्ध दिने कार्यमा संलग्न हुने परम्परा रहेको छ । घरबाट बाजागाजा सहित रंगीबिरंगी वस्त्र लगाएर गीत संगीत बजाउँदै रमझमका साथ जलाशयमा उपस्थित हुने गरिन्छ । षष्ठीको सूर्य अर्धलाई तयार पारिएको पूजा सामाग्रीमा फलफूल सिंगो सुपारी, भान्टा, केराको घरी, जय नरिवल, दुध, पुरी, ठेकुवा, भुसुवा(कसार) पातसहित मूला बेसार, बोट सहित अदुवा आदि सरसामान नाङ्लो र डालीमा सजाएर जलशायको छेउमा राखिन्छ । सामाग्री र नैवेध फिजाइन्छ । जोडी उखुको बोटमा रातो, पहेलो कपडामा ठेकुवा, कसार(भुसुवा) बाँधेर जलशायमा आधा गाडेर राखिन्छ । यसपश्चात् व्रत बसेका वा भाकल गरेका, पूजा गर्ने कर्ता स्त्री वा पुरूष जलशायको पानीमा कम्मर सम्म डुबेर अस्ताँउँदो सूर्यको प्रतिक्षामा बस्दछन् । पूजा, अर्ध दिने मुख्य व्यक्तिलाई किनारमा बसेका घरपरिवार अन्य सदस्यहरूले सामाग्री दिन साहायत गर्दछन् । यस अवसरमा चोया, बाँस र माटोद्वारा निर्मित सामाग्रीहरूलाई चोखो मानिन्छ । नयाँ बस्त्र धारण गरेका पुरूष र सिंगार पटार गरेका महिलाहरू पश्चिमातिर फर्केर सूर्यको स्तुति गर्दै सूर्य अस्ताउने क्षणको प्रतीक्षामा हुन्छन् । सूर्य अस्ताएपछि अर्घ दिएर घर फर्कने वा त्यही जाग्राम बस्ने चलन पनि छ ।

**बिहानी अर्घ/पारन**

छठपर्व पूरा दिन वा कार्तिक शुक्ल सप्रमीको दिनलाई “पारन” भनिन्छ । सप्रमी तिथिको बिहानै उदाउँदो सूर्यलाई अर्घ दिएर भक्ति भावले स्तुति भजन गएर छठको पारन गरिन्छ । सूर्य भगवानलाई फल–फूल र अर्घ अर्पण षगरी यस पर्वको वधिपूर्वक अन्त्य गर्ने प्रचलन रहेको छ भने यो पर्म्रा नेपाल र भारतमा समान विधानअनुसार सम्पन्न गरिन्छन् ।

## निष्कर्ष

छठपर्व नेपाल र भारतमा स्थापित मिथिला संस्कृतिको साझा पर्व हो । यस पर्वमा नेपाली र भारतीय संस्कृतिमा समान मान्यता, विश्वास र दृष्टिकोण पाइन्छ । नेपाल र भारतमा मनाइने छठपर्वको ऐतिहासिकताका विषयमा भएका अध्ययनले यो प्राचीन आर्यसंस्कृतिका रूपमा विधास भएको सनातन धर्म रहेको पुष्टि हुन्छ । छठपर्व मूलभूत रूपमा सूर्यपूजाका माध्यमबाट प्रकृतिको उपासना गरिने पर्व हो । यस पर्वमा तीन दिनसम्म मौलिक रूपमा निर्माण गरिएका विधिविधानको परहेजमा रही सांस्कृतिक अनुष्ठान सम्पन्न गरिन्छ । छठपर्वमा सूर्यलाई आदि र आराध्यदेवका रूपमा स्थापित गरी यिनका सहयात्रीका रूपमा उषा र सन्ध्याका साथै अन्य गणको उपासना गरिन्छ । मिथिला क्षेत्रको संस्कृतिका रूपमा विकास र विस्तार भएको यो पवृ वर्तमानमा नेपाल र भारतका सबै नागर समाजमा बिस्तारित भएको छ भने यसको सांस्कृतिक विश्वास पनि विकास भइरहेको छ ।

नेपाल र भारत परस्परमा सांस्कृतिक आदानप्रदान भएका सार्वभौम मुलुक हुन् । नेपाली र भारतीय संस्कृति परस्परमा अन्योन्याश्रित रहँदै समृद्ध आर्यसभ्यताको विकासमा महत्त्वपूर्ण भूमिका खेलेका छन् । मानव सभ्यता विकासका मुख्य सूचकका रूपमा रहने भाषा, संस्कृति, सांस्कृतिक विश्वास र यसका आधारमा निर्माण हुने सांस्कृतिक सम्बन्धमा समानता रहेको छ । छठपर्वको सांस्कृतिक एकरूपता नेपाल र भारतमा समान हुनु तथा यसले निर्माण गरेका लोकविश्वासमा समानताले यस विषयलाई पुष्टि गर्दछन् । नेपाल र भारत दुवै सांस्कृतिक विविधता भएका मुलुक हुन् भने यी विविधताका बीचमा पनि सांस्कृतिक पर्व र अनुष्ठानमा समानताका कारण यी मुलुकको सम्बन्ध प्रगाढ रहेको निष्कर्ष प्राप्त गर्नसकिन्छ ।

## सन्दर्भ सामग्रीसूची

जोशी हरिराम, नेपालका प्राचीन अभिलेख, नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान ।

बज्राचार्य, धनवज्र, लिच्छविकालका अभिलेख, नेपाल र एशियाली अनुसन्धान केन्द्र ।

भविष्यपुराण, (२०१५). (व्याख्या.) खेमराज श्रीकृष्णदास, बम्बई ।

मिश्र, जयशङ्कर (सन् २००१). प्राचीन भारतका इतिहास (छैटौं संस्क.), बिहार हिन्दी ग्रन्थ अकादमी पटना ।

रेग्मी, जगदीशचन्द्र रेग्मी (२०३४). नेवारी संस्कृतिको रूपरेखा, अफिस अफ नेपाल एण्टीक्वेरी ।

रेग्मी, जगदीशचन्द्र (२०३९). नेपालको धार्मिक इतिहास, नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान ।

श्रेष्ठ, कल्पना (२०७७). काठमाडौं उपत्यकाको सांस्कृतिक परम्परा, पतलव प्रकाश प्र.लि. ।

शर्मा, ऋषिप्रसाद (२०७१). नेपालको राष्ट्रिय चाडपर्व, रत्नपुस्तक भण्डार ।

शर्मा, डिल्लीराज (२०५८). पश्चिम नेपालको मूर्ति तथा वस्तुकला, नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान ।

श्रीवास्तव, बलराम (सन् १९९६). (व्याख्याकार). रूपमण्डल, मोतिलाल बनारसीदास ।

सापकोटा, विष्णु, (२०६०). नेपालको चाडपर्वमा छठपर्व, नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान।

सापकोटा, विष्णु (२०६०). नेपालका चाडपर्वमा "सूर्य", नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान।

Bandager, R.G. (1965). *vaisanvism, saivism and minor religious systems,* Indological book house.

David, A.H (1968). An outline History of the world, Oxford University press.

Rao, Gopinath (1993). *Elements of Hindu Iconography*, vol.1, (part 2), Motilal Banarasidas 1993.

अन्तरवार्तादाताहरू

जितेन्द्र झाः वर्ष ६२ (सहप्राध्यापक महेन्द्र मोरङ आदर्श बहुमुखी क्याम्पस, विराटनगर)

रम्भा झा (वर्ष ४५, (सहप्राध्यापक महेन्द्र मोरङ आदर्श बहुमुखी क्याम्पस, विराटनगर)

सरोज कर्ण (वर्ष ६५, नियमित व्रतालु)

मेनका देवी (वर्ष ५४, साधारण गृहिणी)

ममता दुबे, वर्ष ५९ (भारतीय नागरिक)